# मिति २०७५/०५/०६ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६—३

**निर्णय नं १**

भेरी प्राविधिक शिक्षालय, नेपालगंज बाँकेको शैक्षिक सत्र २०७५ मा प्रायोजित संघ संस्था कोटामा डिप्लोमा इन सिविल इन्जिनियरिङ्ग विषयमा सिद्ध कुमाख गाउँपालिका वडा नं ३ निवासी श्री प्रेम बहादुर थापाकी छोरी **श्री रविना थापाले प्रवेश परिक्षामा नाम निकाल्न सफल भएकोले** निजलाई उक्त कोर्ष पढ्न लागी लाग्ने **दुई लाख पन्ध्र हजार रूपैयाँ** सिद्ध कुमाख गाउँपालिकाको आ व २०७५।७६ को स्वीकृत कार्यक्रमबाट छात्रबृति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

त्यसैगरि कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठान, जुम्लामा शैक्षिक सत्र २०७५ को लागि स्टाफ नर्समा स्थानीय तहका लागि छुट्याएको कोटामा नाम निकाल्ने (यस गाउँपालिकाको सामुदायिक विद्यालयबाट SLC/SEE उतिर्ण) एकजना विद्यार्थीलाई पूर्ण छात्रबृति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाको आ व २०७५।७६ को स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुमा उपभोक्ता समिति गठन भाद्र महिना भित्र गरिसक्ने गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

यस गाउँपालिकाको श्रोत केन्द्रमा कार्यरत श्रोत ब्यक्ति श्री एकदेव शर्माले अन्यत्र सरुवा भइ जानको लागि सहमति पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा निजलाई अन्यत्र सरुवा भइ जान सहमति दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ४**

नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०७४।१२।१४ को निर्णयबाट स्वीकृत स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गरि लागु गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिकाको बैठक भत्ता सम्बन्धी कार्यविधि, २०७५ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिका क्षेत्रभित्रका सडकहरू बर्षातले विगारेकोले यथासिघ्र उक्त विग्रका सडकहरु मर्मत गरी सवारी साधान तथा यातायात सहजता संचालनको ब्यवस्था गर्न सिद्ध कुमाख गाउँपालिकाको मर्मत संभार कोष ब्यवस्थापन समितिलाई निर्देशन दिने सर्वसम्मतिले निर्णय गरियो।साथै हालसम्म सडकहरुको नियमित मर्मतमा लागेको खर्चलाई अनुमोदन गर्दै सम्बन्धित पक्षलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।